
सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक



संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार।

विषय-सूची **पृष्ठ**

१. विधेयकको उद्देश्य र कारण १

२. आर्थिक टिप्पणी २

३. व्याख्यात्मक टिप्पणी ३

४. प्रत्यायोजित व्यवस्थापन ४

५. विधेयक ५

६. विधेयकको तीन महले विवरण ६

उद्देश्य र कारण

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ नेपालको सार्वजनिक प्रशासनलाई जनमुखी, पारदर्शी, जवाफदेही, उत्तरदायी, प्रभावकारी तथा परिणाममुखी बनाउने उद्देश्यले जारी भई हाल कार्यान्वयनमा रहेकोमा यस ऐनले सरकारी निकायबाट नागरिकलाई सरल, छिटो र गुणस्तरीय सेवा प्रदान गर्ने, प्रशासनिक कार्यमा पारदर्शिता र उत्तरदायित्व कायम गर्ने तथा निर्णय प्रक्रियालाई व्यवस्थित गर्ने जस्ता व्यवस्था गरेको छ। साथै, ऐनको प्रभावकारी कार्यान्वयन गरी सरकारी कार्यालयको कामकारबाहीलाई व्यवस्थित, छरितो र मितव्ययी बनाउँदै कार्यप्रक्रियामा एकरुपता तथा निश्चित मापदण्डमा आधारित बनाउन नेपाल सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक आवश्यक भएको।

(वालेन्द्र शाह)
प्रधानमन्त्री

आर्थिक टिप्पणी

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रभावकारी कार्यान्वयन गरी सरकारी कार्यालयको कामकारबाहीलाई व्यवस्थित, छिटो-छरितो र मितव्ययी बनाउँदै कार्यप्रक्रियामा एकरुपता ल्याउन नेपाल सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्ने व्यवस्था गरिएको हुँदा यस विधेयकले सारभूत रुपमा थप आर्थिक भार नपार्ने।

(वालेन्द्र शाह)
प्रधानमन्त्री

"सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक"

को

व्याख्यात्मक टिप्पणी

दफा	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
४४	<u>प्रत्यायोजित विधायन बनाउन सक्ने</u>	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ का व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न प्रत्यायोजित विधायनहरू तर्जुमा गर्न आवश्यक भएकाले।
४५	<u>झिकिएको।</u>	दफा ४४ मा भएको संशोधनले समेटिएको।

(वालेन्द्र शाह)
प्रधानमन्त्री

"सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक" को प्रत्यायोजित व्यवस्थापन टिप्पणी

दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सिमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
४४	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को व्यवस्तालाई कार्यान्वयनमा लग्ने नेपाल सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ का व्यवस्था कार्यान्वयनको हदसम्म आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाइने।	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रभावकारी कार्यान्वयन भई सरकारी कार्यालयको कामकारबाही व्यवस्थित, छरितो र मितव्ययी हुने तथा कार्यप्रक्रियामा एकरुपता तथा निश्चित मापदण्डमा आधारित भएको हुने ।

(वालेन्द्र शाह)
प्रधानमन्त्री

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सुशासन (व्यवस्थापन तथा सञ्चालन) (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४४ मा संशोधन** : सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ :-

"४४. **प्रत्यायोजित विधायन बनाउन सक्ने** : (१) नेपाल सरकार, मन्त्रीपरिषद्ले यो ऐन कार्यान्वयन गर्न आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, नर्म्स तथा मार्गदर्शन समेतका प्रत्यायोजित विधायन बनाउन सक्नेछ।

(२) मन्त्रालयले काम कारवाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यकताअनुसार आन्तरिक दिग्दर्शन बनाई लागु गर्न सक्नेछ।"

३. **खारेजी** : मूल ऐनको दफा ४५ खारेज गरिएको छ।

(वालेन्द्र शाह)
प्रधानमन्त्री

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकको

तीन महले विवरण

दफा	मूल ऐनमा भएको व्यवस्था	संशोधित व्यवस्था	संशोधन गर्नाको कारण
दफा ४४ मा संशोधन	४४. **नियम बनाउने अधिकार:** नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरू बनाउन सक्नेछ।	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (यसपछि मूल ऐन भनिएको) को दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ,- "४४. **प्रत्यायोजित विधायन बनाउन सक्ने** : (१) नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, नर्म्स तथा मार्गदर्शन समेतका प्रत्यायोजित विधायन बनाउन सक्नेछ। (२) मन्त्रालयले काम कारवाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरीतो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यकता अनुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।"	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ का व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न प्रत्यायोजित विधायनहरू तर्जुमा गर्न आवश्यक भएकाले।
दफा ४५ मा संशोधन	४५. **दिग्दर्शन बनाउन सक्ने:** (२) मन्त्रालयले काम कारवाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरीतो र मितव्यही रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यकता अनुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।	मूल ऐनको दफा ४५ झिकिएको छ।	दफा ४४ मा भएको संशोधनले समेटिएको।

(वालेन्द्र शाह)
प्रधानमन्त्री